# लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता २०७९
## (त्रिपुरासुन्दरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, पिस्कर, सिन्धुपाल्चोक बागमती प्रदेश)

---

हामी..........................

१. लैङ्गिक तथा जातीय विभेदपूर्ण शब्द तथा व्यवहार गर्ने छैनौँ साथै अस्वाभाविक व्यवहार तथा शव्द (अरुलाइ मन नपर्ने) प्रयोग गर्ने छैनौँ ।

२. जेष्ठ नागरिक, यौनिक तथा अल्पसंख्यक, महिला, वालवालिका तथा अपांङ्गता भएका व्यक्ति प्रति सम्मानजनक तथा सकारात्मक व्यवहार गर्नेछौँ ।

३. हिंसाजन्य व्यवहार, दुर्व्यवहार (जातीय छुवाछुत, लैंङ्गिक विभेद तथा अपमान) गर्ने छैनौँ र अरुले गरेको पनि सहने छैनौँ ।

४. लैङ्गिक तथा जातीयताको आधारमा अरुलाई पिडादायक **(Harassment)** बोली, वचन तथा व्यवहार गर्ने छैनौँ ।

५. आ-आफ्नो जिम्मेवारी इमान्दारीता पूर्वक पुरा गर्नेछौँ र सेवा दिँदा तथा लिँदा विभेद गर्ने छैनौँ ।

६. लिङ्ग तथा जातीयताको आधारमा कुनै पनि व्यक्तिको कार्य क्षमता प्रति शंका तथा उपशंका गरेर हतोत्साहित गर्ने छैनौँ ।

७. कार्यालयमा कसैले कसैलाई दुर्व्यवहार गरेमा सम्वन्धित जिम्मेवार व्यक्तिलाई जानकारी गराउनेछौं र शुन्य सहनशिलताको नीतिलाई अवलम्वन गर्नेछौँ ।

८. सवैमा सम्मान, सद्भाव र सहयोगी व्यवहार गर्नेछौँ र कार्यस्थलमा अरुको निजी कुरा गरेर कार्य सम्वन्ध विगार्ने छैनौँ ।

९. कार्यस्थलको वातावरण स्वस्थ, सुरक्षित, पारदर्शी, निष्पक्ष र लैंङ्गिक हिंसा मुक्त बनाउनेछौँ ।

१०.लैङ्गिक दुर्व्यवहार सामाजिक रुपमा अमानविय र कानुनी रुपमा दण्डनिय भएकोले यसलाई पालना गर्नु हरेक नागरिकको कर्तव्य हो ।

११. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन २०७१ अर्न्तगत त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको कार्यालयले तयार गरेको आचार संहिता २०७९ पालना गर्ने प्रतिवद्धता गर्दछौँ ।

त्रिपुरासुन्दरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश ।